सुनछहरी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा

लुम्बिनी प्रदेशनेपाल ,

# आर्थिक बर्ष २०८०/०८१ को
# योजना तथा कार्यक्रम अनुगमन प्रतिवेदन

**सुनछहरी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**पोवाङ,रोल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

पेश गर्ने

**योजना तथा कार्यक्रम अनुगमन शाखा**

**कार्यपालिकाको बैठकमा पेश गरेको मिति: २०८१/०४/१६**

सुनछहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पं.बाङ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

## १. पृष्ठभुमि

सुनछहरी गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार आ.व. २०८०।०८१ मा योजना शाखाले योजना तथा अनुगमन सम्वन्धमा विविध कार्यहरु गरेको छ । बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल गर्न योजना तथा अनुगमन शाखा सफल भएको छ । योजना तथा अनुगमन शाखाको प्रगति विवरण तपशिल वमोजिमको रहेको छ ।

### १.१ योजना सम्झौता

सुनछहरी गाउँपालिका वाट आ.व. २०८०/८१ मा सम्झौता कामको विवरण समिक्षा

| वडास्तरीय योजना | गा.पा स्तरीय योजना | अमानतमा भएको सम्झौता | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत | ठेक्का मार्फत | अन्य(सेवा तथा पशु शाखा संग सम्बन्धित) | जम्मा योजना सम्झौता संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६८ | ५४ | ७ | १४ | २८-(कोटेशन-२०, बोलपत्र-८, सिलबन्दी-१) ५ सैया अस्पताल निर्माणाधीन | | १२० | जम्मा योजना संख्या १२२ |

### १.२ योजना भुक्तानी

सुनछहरी गाउँपालिका योजना तथा अनुगमन शाखाबाट २०८०/८१ को असार मसान्त सम्ममा कुल १२२ वटा योजना मध्ये १२०(एक सय छ) वटा मात्र योजनाहरुको भुक्तानिको लागि सिफारिस गरिएको छ भने २(दुई) वटा योजनाको काम सम्पन्न हुन नसकेको साथै

निर्माण कर्ताको ढिलासुस्तीले गर्दा तिन वटा योजनाहरु( स्युरी स्वास्थ्य चौकी भवन निर्माण योजना, देवी मन्दिर विद्यालय भवन निर्माण, थनबाङधारा घुम्टी सुधार योजनाको करिव ६०-७०% मात्र भौतिक प्रगती भएको छ।

## १.३ योजना भुक्तानि हुन दायित्व भुक्तानी हुन  वाकि योजनाहरु

योजना तथा अनुगमन शाखामा आ.व. २०८०/८१ मा सम्झौता भई कार्य सम्पन्न समेत भइसकेका योजनाहरु भुक्तानि हुन वाकि नरहेको र १ (एक) वटा बहुबर्षिय ठेक्का ५ सैया अस्पताल निर्माण योजनाको भुक्तानी हुन बाँकि रहेको छ ।

## १.४ योजना अनुगमन

आ.व. २०८०।८१ मा योजना तथा अनुगमन शाखाबाट १२० वटा योजनाको अनुगमन भएको छ साथै कार्यक्रमहरु तर्फ हेफर नेपालले संचालन गरेको विभिन्न वडामा संचालित तिन वटा संकलन केन्द्र तथा बाखापालन खोरहरु तथा कृषि सम्बन्धि योजनाहरु र मेड्पा कार्यक्रमबाट संचालित कार्यक्रमहरुको अनुगमन साथै जेलबाङमा संचालित प्राङ्गारिक कृषि प्रबर्धन कार्यक्रमको अनुगमन गरिएको थियो ।

## १.५ कमिकमजोरीहरु

आ.व. २०८०।०८१ मा योजना तथा अनुगमन शाखाले तपशिल वमोजिमको कमिकमजोरी औंल्याएको छ ।

क) उपभोक्ता समितिले कार्य सम्पन्न गर्नको लागि दिइएको निर्धारित समयभित्र कार्यसम्पन्न नगर्नु ।

ख)उपलब्ध स्रोत र साधनको उपयोग नहुनु ।

ग) प्राविधिकहरु संग समन्वय नगरी उपभोक्ता समितिले काम सुरुवात गरेको देखिनु साथै प्राबिधिकको सरसल्लाह अनुसार काम सुरुवात नगरिनु साथै प्राविधिकहरुको मुख्य मुख्य कामहरुको रनिङ फिल्ड भिजिट समय समयमा नगर्नु ।

ग) मोटरबाटो निर्माण तथा मर्मतको क्रममा सकेसम्म अनिवार्य नाला तथा पानीको निकाश हुने गरी मोटरबाटो निर्माण तथा मर्मत अनिवार्य नगरिनु ।

घ) उपभोक्ता समिति तथा सरोकारवालाहरुलाई भुक्तानी बखतको कर र उपभोक्ता समितिले व्यहोर्नुपर्ने श्रमदानको बारेमा राम्रो संग बुझाउन नसक्नु

ङ) ठेकेदारहरुले समयमा काम सुरु नगर्नु ।

**१.६ सुझाव तथा निष्कर्ष**

क) समयमानै कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाई खवरदारी गरी अटेर गरेमा सम्झौता रद्द गर्नुपर्ने ।

ख) माथि उल्लिखत कमिकमजोरीलाई सुधार गर्दै जाने ।